
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ६८ पृष्ठ ८ | काठमाडौं, आइतबार २२ असार २०८२ | आषाढ शुक्लपक्ष एकादशी नेपाल संवत् ११४५ | SUNDAY, JULY 6, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# हुम्ला पनि मोटर पुग्यो, अब जाने सहरैमा

दिन बिते, महिना गुज्रे, साल गए, हुम्लावासीले गाडी चढ्ने सपना पालिबसे। नेपाली सेनाले खार्पुनाथ-५ स्थित चुवाखोलामा बेलिब्रिज बनाएपछि गाडी चढ्ने हुम्लावासीको सपना अब पूरा हुँदैछ। गाडी पुगेसँगै विकास र समृद्धि पनि गाउँमै पुगेर जीवनयापन नै फेरिनेमा हुम्लावासी विश्वस्त छन्। हुम्ला सदरमुकाममा पनि गाडी पुगेपछि देशकै लागि पनि गर्वको अनुभूति भएको छ।

हुम्ला सदरमुकाम सिमकोटलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने खार्पुनाक-५ स्थित कर्णाली नदीमाथि बनेको बेलिब्रिज। आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीले यो पुलको उद्घाटन गर्दै छन्। ● बिस्नप्रसाद न्यौपाने

समाचार पृष्ठ २

बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

– को रिपोर्ट

## भारत र बंगलादेशबीच क्रिकेट खेल शृंखला स्थगित

**नयाँ दिल्ली** (एजेन्सी): भारत र बंगलादेशबीच आगामी महिना हुने भनिएको क्रिकेट ह्वाइट बल शृंखलाको ६ वटा खेल सन् २०२६ सम्मका लागि स्थगित गरिएको दुवै देशका राष्ट्रिय क्रिकेट बोर्डले शनिबार जानकारी दिएका छन्।

ढाकामा अगस्ट १७ देखि तीन एकदिवसीय र तीन टी-२० खेलको शृंखला सुरु हुने तयारी भएको थियो। गत वर्ष ढाकामा भएको जनविद्रोहले तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गरेपछि भारत र बंगलादेशबीचको राजनीतिक सम्बन्धमा चिसोपन आएको छ।

बंगलादेश क्रिकेट बोर्ड (बीसीबी) र भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले खेल शृंखलालाई सार्न सहमति जनाएका छन्। 'अन्तर्राष्ट्रिय क्रिकेट प्रतिबद्धता र दुवै टोलीको तालिकाको सुविधालाई ध्यानमा राखेर यो निर्णय गरिएको हो,' विज्ञप्तिमा भनिएको छ।

बंगलादेशको बीसीबीले सन् २०२६ सेप्टेम्बरमा भारतलाई स्वागत गर्न आतुर रहेको बताएको छ। सन् २०२४ को अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहबाट हेलिकप्टरबाट भागेर नयाँदिल्ली पुगेकी हसिनाको विषयलाई लिएर ढाकामा गहिरो आक्रोश छ।

## कुलिङ अफ पिरियड जालझेलमा छानबिन गर्न संसदीय समिति बन्दै

**अन्नपूर्ण** | *काठमाडौं*



संघीय निजामती विधेयकको कुलिङ अफ पिरियडमा भएको छेडखानीको छानबिन गर्न विशेष संसदीय समिति गठन हुने भएको छ। सभामुख देवराज घिमिरेसहित विभिन्न दलका प्रमुख सचेतकबीच शनिबार भएको छलफलले कुलिङ अफ पिरियडमा भएको छेडखानीबारे छानबिन गर्न ७ सदस्यीय विशेष संसदीय समिति गठन गर्ने निर्णय भएको एमाले प्रमुख सचेतक महेश बर्तौलाले जानकारी दिए। प्रतिनिधिसभाको राज्य व्यवस्था समितिले निजामती सेवाबाट सेवा निवृत्त वा राजीनामा दिएका कर्मचारीका लागि २ वर्षको कुलिङ अफ पिरियड राख्ने निर्णय गरेको थियो।

तर, पछि समितिको प्रतिवेदन बनाउँदा जालझेल गरी कुलिङ अफ पिरियडको व्यवस्थालाई निष्क्रिय पार्ने गरी प्रतिनिधि सभाबाट पारित गरिएको भन्दै समितिकै सदस्यहरूले आक्रोश पोखेका थिए। सत्तासीन एमालेले नै विधेयकमा जालझेल गरिएको भन्दै समिति सभापति रामहरि खतिवडाको राजीनामा मागेको थियो।

सोमबार बस्ने प्रतिनिधिसभाको बैठकमा सभामुखले विशेष संसदीय समिति गठनको घोषणा गरी समिति अनुमोदन गरिने बर्तौलाले जानकारी दिए। समितिमा कांग्रेस र एमालेबाट २-२ जना तथा माओवादी, रास्वपा र राप्रपाबाट १-१ जना सदस्य रहने र समितिको नेतृत्व कांग्रेसले गर्ने बर्तौलाले जानकारी दिए।

उनले संसद्‌को नियमावलीको नियम १८० बमोजिम गठन हुने समितिलाई छानबिनका लागि १५ दिनको समय दिइने बताए। त्यस्तै माओवादी प्रमुख सचेतक हितराज पाण्डेले सोमबार बस्ने प्रतिनिधिसभा बैठकअघि सबै दलले समितिमा रहने सदस्यहरूको नाम उपलब्ध गराउने जानकारी दिए।

त्यस्तै, छलफलमा संसद्‌को आगामी बैठकको क्यालेन्डरका विषयमा समेत छलफल भएको छ। जसअनुसार असार महिनामा २३, २४, २५, २९, ३० र ३१ गते प्रतिनिधिसभाको बैठक बस्ने नेताहरूले जनाएका छन्।


## टेक्सासमा बाढीबाट २५ को मृत्यु

**टेक्सास** (एजेन्सी): अमेरिकाको टेक्सास राज्यको दक्षिण-मध्य क्षेत्रमा शुक्रबार बिहान आएको अचानक बाढीले ठूलो मानवीय क्षति पुऱ्याएको छ।

स्थानीय अधिकारीहरूले दिएको जानकारीअनुसार, सो बाढीमा परी अहिलेसम्म २५ जनाको मृत्यु भइसकेको छ। ग्वाडालुपे नदीको किनारमा रहेको एक ग्रीष्मकालीन बाल शिविरमा सहभागी भएका २३ भन्दा बढी बालिका अझै सम्पर्कमा आउन सकेका छैनन्।

केर जिल्लाका शेरिफ ल्यारी लाइथाले पत्रकार सम्मेलनमार्फत जनाइअनुसार, थप व्यक्तिहरू हराइरहेका हुन सक्ने भएकाले मृतकको संख्या अझ बढ्न सक्ने सम्भावना रहेको छ।

टेक्सास राज्यका उपराज्य प्रमुख ड्यान प्याट्रिकका अनुसार, मृत्यु हुनेहरूमा केही बालबालिका पनि परेका छन्। उनले बताएअनुसार, ग्वाडालुपे नदीको पानीको सतह एकैचोटी २६ फिट (करिब ८ मिटर)ले बढेपछि शिविरमा सहभागी करिब ७५० बालिकामध्ये २३ जति अझै सम्पर्कविहीन अवस्थामा छन्।




## संसद् बुझ्दै विद्यार्थी

**मनिका झा** | *जनकपुरधाम*

मधेस प्रदेशसभा सभामुख रामचन्द्र मण्डल कक्षा १२ र स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूसँग एक सातादेखि व्यस्त छन्। धनुषा र महोत्तरीका विभिन्न क्याम्पसमा अध्ययनरत छात्रछात्राहरूलाई सदन कसरी सञ्चालन हुन्छ र सभामुखको भूमिका कस्तो हुन्छ? भन्ने विषयमा निकै सहज रूपमा बुझाउने प्रयास गरिरहेका छन्, सभामुख मण्डल। विद्यार्थीहरूले सभामुखसँग थरीथरीका जिज्ञासाहरू राख्छन् र त्यसको सहज उत्तर पनि पाइन्छ।

मधेस प्रदेशसभा सचिवालयले युवा र विशेष गरी विद्यार्थीहरूलाई संसदीय प्रक्रिया, नीति निर्माण प्रक्रियामा सक्रिय सहभागिता एवं क्षमता विकास गर्ने तथा नीति विश्लेषणमा दक्ष बनाउने उद्देश्यका साथ दुई जिल्लामा आयोजना गरेको 'नमुना युवा संसदीय अभ्यास' का क्रममा युवाहरूले संसद् बुझ्ने अवसर पाएका हुन्।

'आजका युवा नै भविष्यमा देश, प्रदेश र स्थानीय तहको नेतृत्व गर्ने छन् उनीहरूलाई अहिले देखिनै संसदीय अभ्यासबारे ज्ञान दिन सकियो भने भोलि मधेसमा दक्ष जनप्रतिनीधि उत्पादन गर्न सकिन्छ भन्ने सोचका साथ सचिवालयले यस्तो कार्यक्रम आयोजना गरिएको हो,' मधेस प्रदेशसभा सचिवालयका सचिव बासुप्रसाद कोइराला भन्छन्, 'यसले विद्यार्थीहरूमा नेतृत्व विकास मात्रै गर्दैन् कि हाम्रो देशमा चलिरहेको संसदीय प्रणालीका विषयमा पनि प्रष्ट हुन सहज बनाउँछ।'



नमुना संसदीय अभ्यासका क्रममा सभामुख रामचन्द्र मण्डलसँग छलफल गर्दै युवा विद्यार्थीहरू। ● मनिका झा

सभामुखसँग प्रत्यक्ष भेटघाट गरी आफ्नो जिज्ञासा राख्न पाउनुका साथै विद्यार्थीहरूलाई प्रदेशसभामा अवलोकन, भ्रमण गराउने संसदीय दलको भूमिका, सांसदहरूले के काम गर्छन्? बजेट र योजनाहरू कसरी निर्माण हुन्छन्? नीति तथा कार्यक्रम कसरी बन्छन्? भन्ने विषयहरूमा समेत प्रशिक्षकहरूद्वारा जानकारी गराइएको हो। 'कलेजका किताबहरूबाहेक अन्य कुराहरू त्यक्ति बुझ्दैनथ्यौं।

हुनत यो मन्त्रीहरू, सांसदहरू, प्रदेशसभाका बारेमा थाहा त थियो तर, तिनीहरूले के र कसरी काम गर्छन् भन्नेबारे बुझेका थिएनौं, तर अहिले यो अभ्यासमा सहभागी भएपछि संसद्‌का बारेमा बुझाइहरू प्रष्ट भएका छन्,' स्नातक तहका विद्यार्थी निशान्त ओझा भन्छन्, 'आचारसंहिता भनेको के हो? संसद्‌मा बोल्दा कसरी बोल्ने? सभ्य र असभ्य भाषाहरू के हुन्? सदनमा पक्ष, विपक्ष, मन्त्रीहरू कसरी बस्छन्? भन्ने कुरा सिक्यौं। सभामुख कसरी चयन हुन्छन्? मुख्यमन्त्री कसरी बन्छन? र, मन्त्रिपरिषद्‌ले के कस्ता कामहरू गर्छन् भनेर पनि सिक्ने अवसर पाएकाले जीवनभरि काम लाग्छन्।'

युवाहरूलाई नमुना संसदीय अभ्यासमा विधेयक र कानुन निर्माण प्रक्रियाका विषयमा समेत जानकारी गराउने गरिएको छ। जनता समाजवादी पार्टीका प्रमुख सचेतक रामअशिष यादवले आजका युवा नै भोलिका सांसद भएको हुनाले उनीहरूलाई संसदीय प्रणालीका विषयमा अवगत हुनु आवश्यक रहेको बताए।

'अहिलेका युवाहरूले प्रक्रिया र प्रणाली बुझेर राजनीतिमा प्रवेश गर्न सक्ने अवसर पर्याप्त छ यसले भोलिको भविष्य सुनौलो हुने देखिन्छ। तर, हाम्रो पालामा यस्ता अभ्यासहरू थिएन्। गर्दै सिक्दै सदनमा पुगिन्थ्यो,' जसपा सचेतक यादवले भने।

'हजारौं जनताको बलिदान पछि आएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ र सबल बनाउने अभिभारा अब हाम्रा युवाहरूकै काँधमा आउने छ,' सभामुख मण्डल भन्छन्, 'आफ्नो देशमा चलिरहेको संवैधानिक व्यवस्था अनुसारको सरकारको विषयमा युवाहरू अवगत हुनुपर्दछ।' नमुना संसदीय अभ्यासमा युवाहरूलाई विभिन्न दलका सांसदहरूले सदनमा हुने अभ्यासहरूका विषयमा अवगत गराउने गरेका छन्।